सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा ३ र नियमावली, २०६५ को नियम ३ बमोजिम स्वतःप्रकाशन गर्नु पर्ने विवरण देहाय बमोजिम रहेको छः

# जिल्ला समन्वय समितिको कार्यालय,दाङ

## आ.व २०८२/८३

तेस्रो त्रैमासिक (२०८२ माघ देखि २०८२ चैत्र मसान्त सम्म)



शाखा अधिकृत

**१.निकायको स्वरुप र प्रकृतिः**

नेपालको संविधान २०७२ को धारा २२० बमोजिम जिल्ला भित्रका गाउँपालिका र नगरपालिकाहरु बीच समन्वय गर्न एक जिल्ला सभा रहने व्यवस्था छ। जिल्ला सभामा जिल्ला भित्रका गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख सदस्य रहने व्यवस्था छ । जिल्ला सभाले एकजना प्रमुख,एक जना उपप्रमुख, कम्तीमा तीनजना महिला र कम्तीमा एक जना दलित वा अल्पसंख्यक सहित बढिमा नौ जना सदस्य रहेको जिल्ला समन्वय समितिको निर्वाचन गर्ने व्यवस्था छ । जिल्ला समन्वय समितिले जिल्ला सभाको तर्फबाट गर्नु पर्ने सम्पूर्ण कार्य सम्पादन गर्ने व्यवस्था रहेको छ ।

**२.निकायको काम,कर्तव्य र अधिकारः**

जिल्ला सभाको काम,कर्तव्य र अधिकारः

**(क)नेपालको संविधानको धारा २२० को उपधारा (७)बमोजिम**

1. जिल्ला भित्रका गाउँपालिका र नगरपालिकाहरु बीच समन्वय गर्ने,
2. विकास तथा निर्माण सम्बन्धि कार्यमा सन्तुलन कायम गर्न सोको अनुगमन गर्ने,
3. जिल्लामा रहने संघीय र प्रदेश सरकारी कार्यालय र गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने,
4. प्रदेश कानून बमोजिमका अन्य कार्यहरु,

**(ख)स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ९२ बमोजिमः**

1) जिल्ला भित्रका गाउँपालिका र नगरपालिका बीचको विकास निर्माण विषय पहिचान गर्न तथा समन्वय गर्न आवश्यक समन्वय गर्ने ।
2) जिल्ला भित्र सरकारी तथा गैर सरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माण सम्बन्धि कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभाकारिता तथा व्यवस्थापन विभिन्न चरणमा अनुगमन गर्ने,त्यस्ता कार्यक्रमको प्रतिफलका सम्बन्धमा क्षेत्र वा समुदायगत,विषय क्षेत्रगत र पर्यावरणीय सन्तुलन कायम गर्न आवश्यक सुझाव वा मार्गदर्शनलाई सार्वजनिकीकरण गर्ने ।
3) जिल्ला भित्रका गाउँपालिका तथा नगरपालिकाका क्षमता विकासका लागि प्रदेश तथा संघ सँग समन्वय गर्ने,
4) जिल्लामा रहने संघीय वा प्रदेश सरकारी कार्यालय र गाउँपालिका तथा नगरपालिका बीच समन्वय गर्ने ।
5) जिल्ला भित्रका गाउँपालिका तथा नगरपालिका बीच कुनै विवाद उत्पन्न भएमा सोको समाधानका लागि समन्वय तथा सहजीकरण गर्ने ।
6) जिल्ला भित्रको प्राकृतिक प्रकोप तथा विपद व्यवस्थापन सम्बन्धि योजना र कार्यको समन्वय गर्ने ।

शाखा अधिकृत

CamScanner

7) जिल्ला भित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न गैरसरकारी संघ संस्था तथा निजी क्षेत्रसँग समन्वय गर्ने ।

8) जिल्ला भित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरी विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नका लागि मन्त्रालय, स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय तथा आवश्यकता अनुसार सम्बन्धित गाउँपालिका तथा नगरपालिकालाई समेत सुझाव दिने ।

9) आफ्नो काम कारबाहीको सम्बन्धमा मन्त्रालय र स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयलाई प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिना भित्र प्रतिवेदन दिने ।

10) जिल्ला भित्रको विकास तथा निर्माणलाई प्रभावकारी बनाउनका लागि वर्षको कम्तिमा एक पटक वार्षिक समीक्षाको कार्यक्रम आयोजना गरी सो जिल्लाबाट संघीय सांसद र प्रदेश सभामा प्रतिनिधित्व गर्ने संसद सदस्यलाई आमन्त्रण गरी सुझाव लिने ।

11) नेपाल सरकार तथा प्रदेश सरकारले तोकेको अन्य काम गर्ने ।

## ३.निकायमा रहने कर्मचारी संख्या र कार्यविवरण:

**(क) जिल्ला समन्वय समितिका पदाधिकारीहरुको विवरण:**

| क.स | जनप्रतिनिधिहरुको नाम | पद | सम्पर्क नम्बर |
|---|---|---|---|
| १ | श्री नित्यानन्द शर्मा | प्रमुख | ९८५७८८८३३३ |
| २ | श्री चेतना चौधरी | उपप्रमुख | ९८२२५३८४६९ |
| ३ | श्री सरस्वती नेपाली | सदस्य | ९८६७७६४७०८ |
| ४ | श्री हरिदेवी पोखेल | सदस्य | ९८४७८४५७४६ |
| ५ | श्री टोपाराम चौधरी | सदस्य | ९८४७८३७२९३ |
| ६ | श्री दुर्पती चौधरी | सदस्य | ९८२९५८३७२९३ |
| ७ | श्री कल्पना श्रीपाली | सदस्य | ९८६८०९५५८७ |
| ८ | श्री कुल बहादुर बुढामगर | सदस्य | ९८४७८६१०८८ |
| ९ | श्री जुन कुमारी बुढा | सदस्य | ९७४५९२५०९८ |

**(ख) जिल्ला समन्वय समितिको कार्यालय दाङको कर्मचारीक दरबन्दी विवरण:**

| क.स | पद | दरबन्दी | पूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|
| १ | जिल्ला समन्वय अधिकारी | १ | १ | ० | |
| २ | शाखा अधिकृत | १ | १ | ० | |
| ३ | ईन्जिनियर | १ | १ | ० | |
| ४ | नायब सुब्बा | १ | १ | ० | |
| ५ | लेखापाल | १ | १ | ० | |

शाखा अधिकृत

CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | सब ईन्जिनियर | १ | १ | ० | |
| ७ | स्वकीय सचिव | १ | १ | ० | करार सेवामा |
| ८ | खरिदार | १ | १ | ० | |
| ९ | हलुका सवारी चालक | २ | २ | ० | करार सेवामा |
| १० | कार्यालय सहयोगी | ३ | ३ | ० | करार सेवामा |

(ग) जिल्ला समन्वय समितिको कार्यालय दाङमा कार्यरत कर्मचारीको विवरणः

| क्र.स | पद | दरबन्दी | कैफियत |
|---|---|---|---|
| १ | जिल्ला समन्वय अधिकारी | श्री सावित्री श्रेष्ठ | |
| २ | शाखा अधिकृत | श्री विमला भण्डारी | |
| ३ | ईन्जिनियर | ऋषिकेष खत्री अधिकारी | |
| ४ | नायव सुब्बा | श्री बिमला खनाल | |
| ५ | लेखापाल | श्री सपना के.सी | |
| ६ | सब ईन्जिनियर | श्री संजिता पौडेल | |
| ७ | स्वकीय सचिव | श्री खेमराज रिजाल | करार सेवामा |
| ८ | खरिदार | श्री राम कुमार चौधरी | |
| ९ | हलुका सवारी चालक | श्री गोविन्द प्रसाद सुवेदी | करार सेवामा |
| १० | हलुका सवारी चालक | श्री केशव खनाल | करार सेवामा |
| ११ | कार्यालय सहयोगी | श्री जयप्रसाद चौधरी | करार सेवामा |
| १२ | कार्यालय सहयोगी | श्री खुशीराम चौधरी | करार सेवामा |
| १३ | कार्यालय सहयोगी | श्री जानकी चौधरी | करार सेवामा |

**४.निकायबाट प्रदान गरिने सेवाहरु:**

1. जलश्रोत अन्तर्गत सिचाई मुहान दर्ता तथा नवीकरण
2. नदीजन्य पदार्थ व्यवस्थापन अन्तर्गत अनुगमन तथा सिफारिस
3. सूचना टाँस तथा सोको जानकारी पठाउने
4. अन्य कार्यालय सञ्चालन तथा व्यवस्थापन

**५.सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारी:**

CamScanner

| क.स | पद | कर्मचारीको नाम | शाखा |
|---|---|---|---|
| १ | जिल्ला समन्वय अधिकारी | श्री सावित्री श्रेष्ठ | कार्यालय प्रमुख |
| २ | शाखा अधिकृत | श्री विमला भण्डारी | व्यवस्थापन शाखा |
| ३ | ईन्जिनियर | श्री ऋषिकेष खत्री अधिकारी | अनुगमन तथा मूल्यांकन शाखा |
| ४ | ना.सु | श्री बिमला खनाल | व्यवस्थापन शाखा(जिन्सी) |
| ५ | लेखापाल | श्री सपना के.सी | व्यवस्थापन शाखा(लेखा) |
| ६ | सब ईन्जिनियर | श्री संजिता पौडेल | अनुगमन तथा मूल्याङ्कन शाखा |
| ७ | खरिदार | श्री राम कुमार चौधरी | व्यवस्थापन शाखा(जलश्रोत) |

**६.सेवा प्रदान गर्दा लाग्ने दस्तुर र अवधिः**

| क.स | प्रदान गरिने सेवा | लाग्ने दस्तुर | लाग्ने अवधि |
|---|---|---|---|
| १ | माग बमोजिम सूचना दिने | नियमानुसार | प्रकृया पुगेकै दिन |
| २ | गुनासो सुनाई | नलाग्ने | यथाशीघ्र |
| ३ | सिंचाई मुहान दर्ता | नियमानुसार | प्रकृया पुगेको ३ दिनभित्र |
| ४ | नवीकरण | नियमानुसार | प्रकृया पुगेको १ घण्टा भित्र |
| ५ | सूचना टाँस र जानकारी | नलाग्ने | १ घण्टा भित्र |

**७.निर्णय गर्ने प्रकृया र अधिकारीः**

**निर्णय गर्ने अधिकारीः**

जि.स.स का पदाधिकारी (जिल्ला समन्वय समिति)

जिल्ला समन्वय अधिकारीः अधिकार प्रत्यायोजन भए बमोजिम

**८.निर्णय उपर उजुरी सुन्ने अधिकारीः**

प्रचलित कानून बमोजिम जिल्ला समन्वय अधिकारी ।

**९.सम्पादन गरेका कामको विवरण (२०८२/१०/०१ देखि२०८२/१२/३० सम्मको)**

| क.स | सम्पादन गरेको काम | शाखा | कैफियत |
|---|---|---|---|
| १ | सम्बन्धित मन्त्रालय,विभागबाट प्राप्त परिपत्र र निर्देशन बमोजिम कार्यहरु गरेको । | व्यवस्थापन शाखा (प्रशासन) | |

शाखा अधिकृत

CamScanner

| | | | |
|---|---|---|---|
| २ | जि.स.स को बैठकबाट भएका निर्णयहरु कार्यान्वयनको लागि सम्बन्धित निकायमा पठाएको । | व्यवस्थापन शाखा (प्रशासन) | |
| ३ | मिति२०८२/१०/०१ देखि चैत्र मसान्ता भित्रमा विभिन्न मितिहरुमा जिल्ला समन्वय समितिका प्रमुख तथा जिल्ला अनुगमन समितिका संयोजक श्री नित्यानन्द शर्मा ज्युको संयोजकत्वमा समितिका पदाधिकारीहरुबाट गढवा गाउँपालिका र लमही नगरपालिकाका IEE प्रतिवेदनमा उल्लेखित विभिन्न घाटहरुको अनुगमन गरी नदिजन्य पदार्थ उत्खनन,संकलन सहमतिका लागि राष्ट्रपति चुरे तराई – मधेस संरक्षण विकास समितिमा सिफारिस गरि पठाएको । | जिल्ला अनुगमन समिति | |
| ४ | मिति २०८२/१०/०७ गते दाङ जिल्लालाई सहयोगापेक्षी सडक मानवमुक्त जिल्ला घोषणा गरिएको । | जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, १० वटै स्थानीय तह र मानव कल्याण संग सम्बन्धित सेवा प्रदायक संस्थाहरु | |
| ५ | मिति२०८२/१० /१३ गते असल अभ्यास सम्बन्धि जिल्ला स्तरिय अनुभव आदान प्रदान कार्यक्रम सम्पन्न गरेको । | जिल्ला समन्वय समिति | |
| ६ | मिति २०८२/१०/०१ देखि चैत्र मसान्त भित्रमा दाङ जिल्लाका विभिन्न स्थानीय तह र जिल्ला स्थित प्रदेशका कार्यालयहरुको १० लाख माथिका प्रदेश स्तरिय र पालिका स्तरिय योजनाहरुको अनुगमन गरिएको । | जिल्ला समन्वय समिति | |

**१०,सूचना अधिकारी र कार्यालय प्रमुखको नाम र पद:**

कार्यालय प्रमुख: श्री सावित्री श्रेष्ठ- जिल्ला समन्वय अधिकारी

सूचना अधिकारी: श्री विमला भण्डारी- शाखा अधिकृत

**११.ऐन,नियम,विनियम,निर्देशिकाको सूची:**

शाखा अधिकृत

1. नेपालको संविधान
2. जलश्रोत ऐन
3. निजामती सा ऐन, २०४९ तथा नियमावली,२०५०
4. स्थानीय सरकार सञ्चालन ऐन, २०७४
5. संस्था दर्ता ऐन,२०३४
6. सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली,०२०६४
7. वातावरण संरक्षाण नियमावली,२०५४
8. सूचनाको हक सम्बन्धी ऐन,०२०६४ र नियमावली,०२०६५
9. औद्योगिक व्यवसाय ऐन,२०७६

**१२.आम्दानी,खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्याधिक विवरण(२०८२ चैत्र मसान्त सम्मको)**

- जम्मा बजेट विनियोजन रु १,६१,६२,०००।–
- चालु निकासा रु १०३१७१६८.९१
- पूजीगत निकासा रु ×
- जम्मा बजेट निकासा रु १०३१७१६८.९१।–
- चालु खर्च रु १०३१७१६८.९१।–
- पूजीगत खर्च रु ×
- जम्मा बजेट खर्च रु १०३१७१६८.९१।–

**१३.तोकिए बमोजिम अन्य विवरणः**

1. अघिल्ला आ.व मा यस कार्यालयले कुनै कार्यक्रम वा आयोजना सञ्चालन नगरेको
2. यस कार्यालयको वेबसाइट भएको:www.dccdang.gov.np
3. यस कार्यालयले वैदेशिक सहायता,ऋण,अनुदान एवं प्राविधिक सहयोग प्राप्त नगरेको ।
4. सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदनः छुट्टै कार्यक्रमहरु नरहेको ।
5. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधिः त्यस्तो केही नभएको ।
6. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषयः यस अवधिमा नरहेको
7. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएको हुने भए सोको विवरणः छैन ।

शाखा अधिकृत

CamScanner